## सदरमुकाम ....

पार्किङ, बाटिका, २५ हजार दर्शक क्षमताको फुटबल स्टेडियम, १५ हजार दर्शक क्षमताको क्रिमेट स्टेडियम, कर्मचारीका लागि आवश गृह, अतिथि गृह, सभाहल, पुस्तकालय, खाजा घर लगायतका संरचना निर्माण हुनेछन् । प्रारम्भिक गुरूयोजनाअनुसार आयोजनाको कुल लागत १६ अर्ब २५ करोड ५३ लाख ९० हजार रहेको छ । एकसय ८४ बिघा क्षेत्रमध्ये ४१ प्रतिशत भू-भागमा मात्र भौतिक पूर्वाधार निर्माण हुनेछन् । वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदनअनुसार अन्य भूभाग कंक्रिटविहीन राखिने छ । आयोजना निर्माणस्थलमा हरियाली क्षेत्र समेत राखिने छ । गण्डकी प्रदेशका एघार जिल्ला परिदृश्य गर्ने एघार खण्डको एक लाख १८ हजार ९१९ वर्ग मिटर क्षेत्रफलमा हरियाली क्षेत्र निर्माण गरिनेछ ।

## कृषि ....

सञ्चालन गर्ने अध्यक्ष पाण्डेले भन्नुभयो, "युवालाई दिगोरूपमा कृषिमा आबद्ध गराउन कृषिमा यान्त्रीकरण, आधुनिकीकरण, विविधीकरण तथा बजारीकरण गरी कृषि पेसालाई सम्मानजनक र मर्यादित पेसा बनाउने नीति लिएका छौँ ।"

कृषि क्षेत्रको प्रवर्द्धनका लागि मागमा आधारित फलफूल खेतीमा अनुदान, टनेल तरकारी र नर्सरी स्थापनाका लागि अनुदान र तालिमसमेत गर्ने गाउँपालिकाको योजना रहेको छ । गाउँपालिकाले यसै वर्षदेखि 'हुप्सेकोट किसान कल सेन्टर' स्थापना गरी सहज सेवा प्रदान गर्ने तयारीसमेत गरेको छ । "किसान कल सेन्टरमार्फत कृषकलाई सम्पूर्ण परामर्शका साथै बजारीकरणमा सहयोग गरिने उद्देश्य लिएको छ । कार्यविधि बनाएर किसानलाई निःशुल्क सेवा दिने गरी अगाडि बढ्ने छौँ", अध्यक्ष पाण्डेले भन्नुभयो । गाउँपालिका उपाध्यक्ष पूर्णसिंह रानाले यसै वर्षदेखि गाउँपालिकाभित्र उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने तयारी गरिएको जानकारी दिनुभयो । यहाँ उत्पादन हुने गहत, सिल्टुङ्ग, सामा काउनो, जुनेलो, थारू आलु, अनदि (जर्नेली), झिनुवा धानका रैथाने बालीको संरक्षण तथा प्रवर्दन गरिने उहाँले बताउनुभयो ।

"आधुनिक कृषि प्रविधि अवलम्बन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिमा आधारित उद्योग सञ्चालन गर्ने वातावरण सिर्जनाका लागि हामीले आवश्यक सहयोग तथा सहजीकरण गर्छौं",उपाध्यक्ष रानाले भन्नुभयो । स्थानीय (लोकल) कुखुराको व्यावसायिक उत्पादन वृद्धि गर्नका लागि 'एक वडा एक फर्म कार्यक्रम' सञ्चालन गर्ने तयारीअनुसार पालिकाभित्रका सबै वडामा काम सुरू गरिएको प्रमुख प्रशासकीय अधिकृत पराजुलीले बताउनुभयो । 'स्वस्थ पशुः स्वच्छ उत्पादन'को नारासहित घरदैलो उपचार सेवामार्फत पशुमा निःशुल्क कृत्रिम गर्भाधान सेवा र उन्नत नस्ल सुधारको कार्यक्रम सञ्चालन गर्न लागेको पनि उहाँले जानकारी दिनुभयो । -रासस

## पाइला ....

यायातिले कान्छो छोरा पुरूको जवानी पैंचो लिएर कामवासनामा लिप्त रहेको तर तृप्त नभएको कथा महाभारतमा उल्लेख छ । हाम्रो नेतापुस्ता पनि तिनै पात्रजस्ता लोभी भएका छन् ।

रामायणकालीन इतिहास हेर्ने हो भने पन्छी राज जटायुले मृत्युको अन्तिम स्थितिमा रहंदारहंदै पनि रावणले भिक्षुको भेषमा पुष्पक विमानमा राखेर सीतालाई हरेर लंका लगेको गुप्त खबर रामलाई दिंदा त्यो सूचना नै रामकथाको मूल शूत्र बन्यो। त्यति मात्र होइन रावणलाई नाभी वाण लागेपछि मात्र उसको अन्त्य हुन्छ भन्ने गुह्य रहस्य विभीषणले नखोलि दिएको भए शायद रामको बाण त्यसै निष्फल हुन बेर लाग्ने थिएन । नेतृत्वमा रहेकाहरूले बुझ्नु पर्छ- राज्य सञ्चालनमा सूचना सबैभन्दा बढी शक्तिशाली हुन्छ । आज कुनै देश समृद्ध छ भने त्यसको पहिलो कारण हो- सूचनामा पहुँच ।

अमेरिकी राष्ट्रपति अब्राहम लिंकन जातीय दासता उन्मूलन गरेवापत संसारमा प्रसिद्ध भए । अमेरिकाको राष्ट्रिय अखण्डतालाई विखण्डन हुनबाट उनले जोगाउँदा लाखौं अमेरिकी मरे ।

तैपनि उनले दक्षिणी अमेरिकी राज्यलाई छुटिन दिएनन् । यसैका लागि श्रीलंकामा ७० हजार नागरिक बलिबेदीमा चढिसकेका छन् । भारत र पाकिस्तानबाट बाँडिएको कास्मिरमा सन् १९४९ मा नेहरूले राष्ट्रसंघमा त्यहाँको जनताको आत्मनिर्णयको अधिकार मान्ने भनेर जनमत संग्रह स्वीकारेपनि मानिस मर्ने क्रम रोकिएको छैन ।

विश्वमा यस्ता मुलुक छन् जहाँ सात पुस्ता बस्दा पनि नागरिकता दिइन्न । युएइमा सम्पूण नागरिक मध्ये १५ प्रतिशत मात्र स्थानीय हुन् ।

नागरिकता दिएको भए संसारका धेरै देशमा भारतीय मूलका मानिस प्रधानमन्त्री भइसक्थे । वास्तवमा सत्य- असत्य, अँध्यारो- उज्यालो, कर्म-कुकर्मको दूरी त्यति पर छैन । साभारः खबरहब

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाई,
नवलपरासी (ब.सु.पू)

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

सूचना नं.: ६ — प्रथम पटक प्रकाशन मितिः २०८१/०५/२१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वय एकाई, नवलपरासी (ब.सु.पू.) को आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम" १० वटा स्किम संचालन गर्न रू. चालीस लाख विनियोजन भएको कार्यक्रममा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०" बमोजिम १८ देखि ५० वर्ष उमेर समूह भित्रका योग्यता पुगेका इच्छुक युवा कृषि उद्यमी/फर्महरूले तपसीलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८१/०६/२० गते भित्र यस परियोजना कार्यान्वयन एकाई, नवलपरासी (ब.सु.पू.) ,कावासोतीमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन र अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव रितपूर्वक पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. **कार्यक्रम संचालनको मुख्य उद्देश्यहरूः**

क) बैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका वा विदेशबाट फर्केका युवा, कृषि बिषयमा अध्ययन गरेका विधार्थी, बेरोजगार युवा, महिला तथा दलित समुदायका युवालाई कृषि तथा पशुपन्छी जन्य व्यवसाय/उद्यम गर्न अभिप्रेरित गर्ने,
ख) कृषि क्षेत्रमा आधुनिक प्रविधि र कृषि औजारको प्रयोग गर्न सहयोग गर्ने,
ग) कृषि क्षेत्रमा युवाहरूको आकर्षण बृद्धि गरी कृषि उद्यम र उद्यमीहरूको विकास गर्ने,
घ) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (Small and Medium Scale Enterprises) मार्फत रोजगारीका अवसरहर सिर्जना गर्न सहयोग गर्ने,
ङ) कृषि क्षेत्रमा नवप्रवर्तन तथा नवीनतम प्रविधिहरूको उपयोग र प्रबर्द्धनलाई बढावा दिने ।

२. **कार्य क्षेत्र** : तरकारी सुपरजोन/सुन्तलाजात फलफूल जोन/धान जोन क्षेत्र सहित जिल्लाका अन्य क्षेत्रहरू

३. **कार्यक्रम संचालन हुने बाली/वस्तु, मूल्य-श्रृंखलाका क्षेत्र** :

| सि.नं. | बाली/वस्तु मूल्य-श्रृंखलाका क्षेत्र | सि.नं. | बाली/वस्तु मूल्य-श्रृंखलाका क्षेत्र |
|---|---|---|---|
| क | तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण | ञ | फलफुल प्रशोधन र बजारीकरण |
| ख | खाद्यान्नको वीउ उत्पादन | ट | ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरूको उत्पादन प्रशोधन र भण्डारण |
| ग | बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण | ठ | व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन |
| घ | प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण | ड | मौरीपालन व्यवसाय र मह प्रशोधन |
| ङ | घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय | ढ | जौ, फापर, सिलाम, कोदो उत्पादन, प्रशोधन तथा बजारीकरण |
| च | बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरूवा उत्पादन गर्ने व्यवसाय | ण | दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात |
| छ | अर्गानिक कृषि निर्यात | त | च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण |
| ज | साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन | थ | मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण |
| झ | कृषि क्षेत्रमा नवप्रवर्तन तथा नवीनतम प्रविधिहरूको उपयोग र उत्पादन | द | अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण |

४. **कार्यक्रम संचालनबाट प्राप्त हुने अपेक्षित प्रतिफल** :

क) बैदेशिक रोजगारीबाट फर्केका तथा कृषि विज्ञान वा पशुपन्छी विज्ञान वा मत्स्य विज्ञान बिषयमा अध्ययन गरेका विद्यार्थीहरू, महिला,दलित तथा बेरोजगार लक्षित लाभग्राहीले कृषि उद्यम/ब्यवसाय संचालन गरेको हुने,
ख) कृषि तथा पशुपन्छी क्षेत्रमा निजी क्षेत्रबाट हुने सह-लगानी अभिबृद्धि भएको हुने ।

५. **अनुदान रकम र भुक्तानी प्रक्रृया** :

क) प्रति प्रस्ताव बढीमा ४ लाख रूपैया सम्म,
ख) स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिको आधारमा कुल लागतको बढीमा ५० प्रतिशत रकम अनुदान स्वरूप बढीमा २ किस्तामा शोधभर्ना गरिनेछ ।

६. **निवेदन साथ संलग्न कागजातहरूः**

क) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव,
ख) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरू (नागरिकताको प्रतिलिपि),
ग) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि),
घ) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरू,
ङ) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि,
च) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र,
छ) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटो सहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

नोटः बैदेशिक रोजगारीका लागि पासपोर्ट बनाई विदेश जाने तयारीमा रहेका वा विदेशबाट फर्केका युवा, कृषि विज्ञान वा पशुपन्छी विज्ञान वा मत्स्य विज्ञान बिषयमा अध्ययन गरेका विद्यार्थीहरूका प्रस्तावलाई प्राथमिकता दिइनेछ ।

थप जानकारी चाहिएमा
फोन नं. ०७८-५४११२३,९८५७०८७०३१ र ९८५७०६४९३६

## तपाईको आज



देवराज ढुङ्गाना
मो.९८४७१३१६८९

| मेष : | वृष : | मिथुन : | कर्कट : | सिंह : | कन्या : |
|---|---|---|---|---|---|
| परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ। सजिलै अरूको मन जित्न सकिनेछ। | परोपकारजन्य कार्यमा लगाव बढ्ने र लोकप्रियताको अवसर पनि प्राप्त हुनेछ। | स्वरोजगारीका निम्ति मानसिक चिन्ता बढ्ला। सांझमा भने शुभ समाचार मिल्नेछ। | आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ। | सामाजिक काममा व्यस्त हुने समय रहेको छ, तर गरेको कार्यबाट सफलता भने नमिल्ला। | मठमन्दिरको दर्शनले काम सम्पन्न गर्न मद्दत पुर्याउने र यात्राले शरीरमा ऊर्जा प्रदान गर्नेछ। |
| **तुला :** | **वृश्चिक :** | **धनु :** | **मकर :** | **कुम्भ :** | **मीन :** |
| घरपरिवारमा रमाइलो वातावरण छाउनेछ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | प्रविधि मार्फत दैनिकी सहज हुनेछ। आफूसंग भएको क्षमता प्रदर्शन गर्ने अवसरपनि जुट्ला। | भविष्य र करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। | धार्मिक र सामाजिक महत्त्व क्षेत्रको भ्रमण हुनसक्छ। दूरदराजमा रहेका आफन्तजनसंग भेटघाट हुनेछ। | परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ। यात्राले दुःख हुन सक्छ। | बोलीवचन, प्रवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ। परोपकारी कार्यमा संलग्न भइनेछ। |